# एकीकृत जाँच चौकी अन्तिम चरणमा



वीरगन्जमा भारतीय सहयोगमा निर्माणाधीन एकीकृत सुरक्षा जाँच चौकी परिसर । *तस्विर : शंकर /कान्तिपुर*

■ शंकर आचार्य

पर्सा- वीरगन्जमा निर्माणाधीन एकीकृत सुरक्षा जाँच चौकी (आईसीपी) आगामी डिसेम्बरभित्र निर्माण सम्पन्न हुने भारतीय कन्सल्टेन्ट कम्पनी राइट्सले जनाएको छ । अलैमा ४ वर्षदेखि निर्माणाधीन चौकी डिसेम्बरमा बनाइसक्न द्रुत गतिमा काम भइरहेको उसको दाबी छ ।

कम्पनीका एक उच्च अधिकारीले अहिलेकै गतिमा काम सञ्चालन भए २ महिनाभित्र पूरा हुने बताए । 'हामी डिसेम्बरभित्र काम सम्पन्न गर्ने लक्ष्यसाथ लागिपरेका छौं,' उनले भने, 'भारत सरकारबाट डिसेम्बरभित्रै काम सक्न चर्को दबाब छ, नेपाली प्रशासनिक पक्षले अहिलेजस्तै सहयोग गरे असम्भव छैन ।' यसअघिका तीन महिना ढुंगा, बालुवा उपलब्ध नहुँदा काम प्रभावित थियो ।

'हामीले नेपाल सरकारको उच्च तहलाई बालुवा, ढुंगा उपलब्ध गराइदिन आग्रह गर्‍यौं,' उनले भने, 'भारतीय उच्च तहले पनि यसका लागि ठूलै पहल नगरेको होइन ।' सम्झौताअनुसार यो परियोजनाका लागि नेपाल सरकारले नै ढुंगा, बालुवा उपलब्ध गराउनुपर्छ । परियोजनाको काम ९० प्रतिशत पूरा भइसकेको दाबी गर्दै उनले चौकी परिसर तथा बाहिर पदमरोडसँग जोड्ने मुख्य सडक कालोपत्रे गर्ने काम पनि ७५ प्रतिशत सकिएको बताए । ती अधिकारीका अनुसार चौकी परिसरमा नाला निर्माण, भवन निर्माणको काम सकिइसकेको छ ।

चौकीमा कुल २२ भवन निर्माण गर्ने इस्टिमेट थियो । प्रशासनिक, गोदाम, वेयर हाउसलगायत भवनमा रंगरोगन, बिजुलीबत्ती र झ्यालढोका जडानको काम अन्तिम चरणमा छ ।

चौकी निर्माणका लागि वीरगंज, सिर्सिया खल्वाटोला र अलैमा गरी ३ सय १५ जनाको १ सय १५ बिघा जग्गा अधिग्रहण गरिएको छ । प्रारम्भिक सम्झौताअनुसार सन् २०१३ को अक्टोबरसम्म चौकीको काम सम्पन्न भइसक्नुपर्थ्यो । तर, त्यस अवधिमा करिब ४० प्रतिशत मात्र काम पूरा भएको थियो । भारत सरकारले पहिलो पटक थप गरेको म्यादअनुसार सन् २०१५ मार्च ३१ सम्म काम सम्पन्न भइसक्नु पर्थ्यो । हाल दोस्रो पटक म्याद थपेर काम गरिँदैछ । परियोजनाअन्तर्गत भारततर्फको संरचना ४ महिनाअघि नै सम्पन्न भइसकेको छ । भारततर्फ कुनै बाधाअवरोध नआएकाले समयमै काम सम्पन्न गर्न सम्भव भएको ती अधिकारीले बताए । भारतले चौकीलाई लक्षित गरी रक्सौल सहरको पश्चिम भागबाट बाइपास सडकसमेत बनाइसकेको छ ।

नेपालतर्फ संरचना निर्माण भएलगत्तै आईसीपी सञ्चालनमा कुनै बाधा नरहेको ती अधिकारीले

## '९० प्रतिशत काम सकियो, यही गतिमा अघि बढे डिसेम्बरभित्रै बनिसक्छ'

बताए । संयुक्त आईसीपी सञ्चालनमा आएपछि हालको भन्सार नाकामा जस्तो मालवाहक सवारीसाधनको जाम रहने छैन, भन्सार नाकामा हुने कमिसनको खेल निकै घट्ने अनुमान छ । हाल चर्चामा रहेको रक्सौल-अमलेखगन्ज तेल पाइपलाइन निर्माण भएपछि वीरगन्ज-रक्सौल नाकामा सवारी जाम घटी यात्रुलाई सहज हुनेछ ।

वीरगन्ज उद्योग वाणिज्य संघ अध्यक्ष प्रदीपकुमार केडिया आईसीपी जतिसक्दो छिटो बनाउनुपर्ने बताउँछन् । आईसीपी सञ्चालनमा आए नाकामा वर्षौंदेखि भोग्दै आएको जामको झन्झटबाट मुक्ति पाइने उनको आशा छ ।

भारतले १ अर्ब ३९ करोड रुपैयाँ लागतमा नेपालका लागि चौकी निर्माण गरिदिन लागेको हो । गत वर्ष लामो बन्दहडताल र इन्धन अभावका कारण पनि परियोजनाको कामले गति लिन सकेको थिएन । स्थानीयले जग्गाको मुआब्जा विवाद झिकेपछि झन्डै एक वर्ष ढिलो काम थालिएको थियो ।

· Week 4 Week 5